# सम्बत् २०७६ साल कात्तिक ५ गते मंगलबार बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको | अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय आयुक्त डा. सावित्री थापा गुरुङ्गलाई संयुक्त अरव इमिरेट्समा हुने Conference मा सहभागी हुन स्वीकृति दिने । |
| २. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको | अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय आयुक्त डा. गणेशराज जोशीलाई भियतनामको हनोइमा हुने conference मा सहभागी हुन स्वीकृत दिने । |
| ३. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको | राष्ट्रिय योजना आयोगका माननीय सदस्य ई. शुशिल भट्टको अष्ट्रिया भ्रमण स्वीकृत गर्ने विषयको प्रस्ताव — प्रस्ताव फिर्ता गर्ने । |
| ४. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको | राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. रामकुमार फुयाँलको नर्वे भ्रमण स्वीकृत गर्ने विषयको प्रस्ताव — प्रस्ताव फिर्ता गर्ने । |
| ५. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको | मुस्लिम आयोगका माननीय अध्यक्ष समिम मियाँ अन्सारीको अमेरिका भ्रमण स्वीकृत गर्ने । |
| ६. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको | माननीय महान्यायाधिवक्ता अग्निप्रसाद खरेलको चीन भ्रमण स्वीकृत गर्ने। |
| ७. | अर्थ मन्त्रालय | नवप्रवर्तन शुरुवाती पूँजी अनुदान कार्यविधि, २०७६ स्वीकृत गर्ने विषयको प्रस्ताव—मन्त्रिपरिषद, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने। |
| ८. | अर्थ मन्त्रालय | नेपाल सरकार र बंगलादेश सरकारबीच सम्पन्न द्वैध कराधान मुक्ति तथा वित्तीय छल निरोध सम्बन्धी सम्झौता संघीय संसदमा जानकारीका लागि पेश गर्न स्वीकृति दिने । |
| ९. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | जेनेभामा आयोजना हुने UNCTAD को ११ औं सत्रको events वक्ताको रूपमा सचिव यामकुमारी खतिवडालाई सहभागी हुन स्वीकृति दिने । |
| १०. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | चीनको दोस्रो अन्तर्राष्ट्रिय आयात प्रदर्शनी मेलामा सचिव बैकुण्ठ अर्यालले नेतृत्व गर्ने गरी सहभागी हुन स्वीकृति दिने । |
| ११. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | चा.लु. आ.व. ०७६/७७ को लागि धानको न्यूनतम समर्थन मूल्य प्रति क्विन्टल मोटा धानको रु. २५३२।८० र मध्ययम धानको रु २६७३।१६ तोक्ने । |
| १२. | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | इन्जिनियर श्री तुलाराम पौडेललाई SAARC Energy Center इस्लामावादको Professional Staff Research Fellow मा काजमा खटाउने। |
| १३. | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | राष्ट्रिय योजना आयोगका (ऊर्जा क्षेत्र हेर्ने) माननीय सदस्य श्री कृष्णप्रसाद ओली र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव श्री दिनेशकुमार घिमिरेलाई केन्याको नैरोवीमा हुने Clean Cooking Forum 2019 मा भाग लिन पठाउने । |

द्रष्टब्यः निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

OPMCM

| | | |
|---|---|---|
| १४. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | स्वीटजरल्याण्डको जेनेभामा भएको कार्यक्रममा सहभागी भएका उच्च अदालतका माननीय न्यायाधीशहरुलाई हवाई टिकट तथा दैनिक भत्ता वापतको रकम अर्थ मन्त्रालयले सर्वोच्च अदालतलाई निकासा दिने। |
| १५. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | कतारको दोहामा भएको कार्यक्रममा सहभागी भएका सर्वोच्च अदालतका माननीय न्यायाधीश र उच्च अदालत पाटनका माननीय न्यायाधीशलाई हवाई टिकट तथा दैनिक भत्ता वापतको रकम अर्थ मन्त्रालयले सर्वोच्च अदालतलाई निकासा दिने । |
| १६. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | वैदेशिक रोजगार न्यायाधिकरणको अध्यक्षमा उच्च अदालत सुर्खेतका माननीय न्यायाधिश रमेशकुमार खत्रीलाई तोक्ने । |
| १७. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सुनसरी जिल्लास्थित देवानगञ्ज गाउँपालिकालाई देवानगञ्ज गाउँपालिका वडा नं.२ स्थित सरकारी जग्गा निःशुल्क लिजमा उपलब्ध गराउन स्वीकृति दिने। |
| १८. | रक्षा मन्त्रालय | नेपाली सेनाका लेखा उपरथी भुवन बहादुर अधिकारी क्षेत्री र महासेनानी आशिष प्रसाद उपाध्यायको राजीनामा स्वीकृत गर्ने । |
| १९. | रक्षा मन्त्रालय | नेपाली सेनाका महासेनानी आशिष प्रसाद उपाध्यायको राजीनामा स्वीकृत गर्ने। |
| २०. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | युनेस्कोको ४० औं महासभामा माननीय मन्त्री गिरिराजमणि पोखरेल, सचिव महेश दाहाल र युनेस्कोको लागि स्थायी प्रतिनिधि सहभागी हुने। |
| २१. | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | रोजगारीको हक सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७६ स्वीकृत गर्ने। |
| २२. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | काठमाडौं उपत्यकाभित्र तार व्यवस्थापनको कार्य गराउन नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिने । |
| २३. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सूचना महामार्ग निर्माण सम्बन्धी कर्णाली प्रदेशका सुदुरपश्चिम प्रदेश खण्डको परियोजनाको कार्य नेपाल दूरसञ्चार कम्पनी लिमिटेडबाट गराउन नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिने । |
| २४. | सहरी विकास मन्त्रालय | Smart City Expo and World Congress, २०१९ को कार्यक्रममा भाग लिने विषयको प्रस्ताव — प्रस्ताव फिर्ता गर्ने । |
| २५. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | नेपाल स्वास्थ्य अनुसन्धान परिषद र भारतको Indian Council of Medical Research बीच अनुसन्धानको क्षेत्रमा सहकार्य गर्ने विषयको MOU मा समकक्षी मिलाई हस्ताक्षर गर्ने अख्तियारी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई दिने । |
| २६. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | मंगोलियामा आयोजना हुने Conference मा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृति दिने । |
| २७. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशकलाई मासिक रु.६०,६८०।- पारिश्रमिक उपलब्ध गराउने। निजको अन्य सेवा सुविधा कर्मचारी विनियमावलीमा उल्लेख भएबमोजिम हुने । |

| | | |
|---|---|---|
| २८. | गृह मन्त्रालय | किजा पूजाको अवसरमा २०७६ कात्तिक १३ गते बुधवारका दिन नेपालभर सबै सरकारी कार्यालय, सार्वजनिक निकाय, संघ-संस्था, शिक्षण संस्थाहरूसमेतमा सार्वजनिक विदा दिने । |
| २९. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको | अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने । |
| ३०. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको | भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने । |
| ३१. | वन तथा वातावरण मन्त्रालय | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (पाँचौं संशोधन) नियमावली, २०७६ स्वीकृत गर्ने । |
| ३२. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | डिजिटल नेपाल फ्रेमवर्क, २०७६ स्वीकृत गर्ने । |
| ३३. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | मालपोत नियमावली २०३६ को नियम ५ख.(१) को समितिले गरेको न्यूनतम मूल्याङ्कन सम्बन्धी निर्णय परिमार्जन गर्न स्वीकृति दिने । |
| ३४. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | गैर करका दरहरू पुनरावलोकन गर्न स्वीकृति दिने । |
| ३५. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नारायणहिटी दरबार सङ्ग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति (गठन) आदेश, २०७६ स्वीकृत गर्ने । |
| ३६. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | माराकेश सन्धि, २०१३ अनुमोदनका लागि संघीय संसदमा पेश गर्न स्वीकृति दिने । |
| ३७. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री शिशिरकुमार ढुङ्गानालाई अर्थ मन्त्रालयको सचिव (राजस्व) पदमा सरुवा गर्ने । | |
| ३८. | नेपाल प्रशासन सेवातर्फको विशिष्ट श्रेणीको सचिव पदमा सहसचिव रामकृष्ण सुवेदीलाई वढुवा गर्ने । | |

# सम्बत् २०७६ साल कात्तिक १७ गते आइतबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश नं.२ का मुख्यमन्त्री लालबाबु राउतलाई अमेरिकामा आयोजना हुने Association of Nepal Teraian in America (ANTA) को पाँचौ महाधिवेशनमा सहभागिता जनाउन स्वीकृति दिने । |
| २. | अर्थ मन्त्रालय | एशियाली पूर्वाधार लगानी बैङ्कबाट विद्युत वितरण प्रणाली स्तरोन्नति तथा विस्तार आयोजनाको लागि ऋण सहायता स्वीकार गर्ने सम्बन्धमा वार्ता गर्न अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका सहसचिव को संयोजकत्वमा वार्ता टोली गठन गर्ने । |
| ३. | परराष्ट्र मन्त्रालय | नेपाल र जर्मनीबीच कूटनीतिक नियोगमा कार्यरत कूटनीतिक कर्मचारीको परिवारका आश्रित सदस्यलाई रोजगारका लागि अनुमति दिने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्ने । |
| ४. | परराष्ट्र मन्त्रालय | नेपाल र रूसी महासंघबीच सम्पन्न सरकारी तथा कूटनीतिक राहदानी वाहकहरूलाई प्रवेशाज्ञा छुट दिने सम्बन्धी सम्झौतापत्रलाई नोट आदान प्रदान मार्फत संशोधन गर्न परराष्ट्र मन्त्रालयलाई स्वीकृति दिने । |
| ५. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | नेपाल बाल संगठन र सोअन्तर्गत सञ्चालित बाल मन्दिरहरूमा भएका घटनाका सम्बन्धमा छानवीन गर्न पूर्व मुख्य न्यायधीश, श्री हरिबाबु भट्टराईको अध्यक्षतामा उच्चस्तरीय छानवीन, अनुसन्धान तथा सुझाव आयोग गठन गर्ने। |
| ६. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि २०७६ स्वीकृत गर्ने विषयको प्रस्ताव — मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने । |
| ७. | युवा तथा खेलकुद मन्त्रालय | १३ औं दक्षिण एशियाली खेलकुद, सन् २०१९ आयोजना तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७६ स्वीकृत गर्ने । |
| ८. | रक्षा मन्त्रालय | लेखा प्रमुख सेनानी गोपाल प्रसाद सिग्देललाई लेखा महासेनानी दर्जामा पदोन्नति गर्ने । |
| ९. | वन तथा वातावरण मन्त्रालय | बागलुङको राष्ट्रिय वन क्षेत्रमा कवुलियती वन सञ्चालन गर्न अनुमति प्रदान गर्ने विषयको प्रस्ताव — मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने । |
| १०. | वन तथा वातावरण मन्त्रालय | सोलुखुम्बुको राष्ट्रिय वन क्षेत्रमा कवुलियती वन सञ्चालन गर्न अनुमति प्रदान गर्ने विषयको प्रस्ताव — मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने । |
| ११. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल इन्जिनियरिङ सेवा, जियोलोजी समूह, जनरल जियोलोजी उपसमूहको राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत सुघिर रजौरे र सोही सेवा समूह, हाइड्रोजोयोलोजी उपसमूहको राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत श्री चुर्णबहादुर ओलीलाई संघको समान श्रेणी र पदमा समायोजन गर्ने । |

द्रष्टब्य: निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

| | | |
|---|---|---|
| १२. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | राष्ट्रिय अभिलेखालयको प्रमुखको रुपमा नेपाल शिक्षा सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) सम्बन्धी नियमहरु, २०५३ को अनुसूची २ बमोजिम "महानिर्देशक" पदनाम कायम गर्ने । |
| १३. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल इन्जिनियरिङ सेवा, केमेष्ट्री समूहको राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत श्री कुमारी ज्योती श्रेष्ठ र श्री केशव कुमार न्यौपानेलाई संघको समान श्रेणी र पदमा समायोजन गर्ने । |
| १४. | सञ्चार तथा सूचना प्रबिधि मन्त्रालय | सञ्चार तथा सूचना प्रबिधि मन्त्रालयका सचिव महेन्द्रमान गुरुङ्गलाई उमेरको हदको कारणबाट मिति २०७६/७/२१ देखि अनिवार्य अवकाश दिने । |
| १५. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | 2019 World Conference on Access to Medical Products Achieving the SDGs 2030 मा सहभागी हुन माननीय उपप्रधान मन्त्री एवं स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीलाई स्वीकृत दिने । |
| १६. | नेपाल मेडिकल काउन्सिलको रिक्त अध्यक्ष पदमा प्रा.डा. भगवान कोइराला, पाल्पालाई मनोनीत गर्ने । | |
| १७. | देहायका प्रदेशका प्रदेश प्रमुखहरूलाई पदमुक्त गर्न नेपालको संविधानको धारा ६६ को उपधारा (२) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।<br>प्रदेश नं. १: प्रा.डा. गोविन्द बहादुर तुम्बाहाङ, धनकुटा,<br>प्रदेश नं. २: श्री रत्नेश्वर लाल (कायस्थ), काठमाडौं,<br>प्रदेश नं. ३: श्री अनुराधा कोइराला, काठमाडौं,<br>गण्डकी प्रदेश: श्री बाबुराम कुवंर, अर्घाखाँची,<br>प्रदेश नं. ५: श्री उमाकान्त झा, धनुषा,<br>कर्णाली प्रदेश: श्री दुर्गा केशर खनाल, सुर्खेत,<br>सुदुर पश्चिम प्रदेश: श्री मोहनराज मल्ल, कैलाली । | |
| १८. | सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ मा संशोधन गर्ने । सोको सूचना अतिरिक्ताङ्क गरी नेपाल राजपत्रमा प्रकाशन गर्ने । | |
| १९. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव डा. पुष्पा चौधरीले मिति २०७६/७/१३ गतेदेखि लागू हुने गरी दिनुभएको राजीनामा अस्वीकृत गर्ने । | |

# सम्बत् २०७६ साल कात्तिक १८ गते सोमबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | अर्थ मन्त्रालय | आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (१) बमोजिम करको दर घटाउने, बढाउने वा छुट दिने, कर सम्बन्धी विषयमा सैद्धान्तिक सहमति प्रदान गर्ने र अन्तशुल्क नियमावली, २०५९ संशोधन गर्ने । |
| २. | खानेपानी मन्त्रालय | चीनको Shanghai मा संचालन हुने कार्यक्रममा सहभागी हुन खानेपानी मन्त्रालयका सचिव श्री माधव बेल्बासेलाई स्वीकृति दिने । |
| ३. | गृह मन्त्रालय | दक्षिण सुडानको जुवा र वोरमा तैनाथ सशस्त्र प्रहरी बलको २ वटा फर्म्ड पुलिस युनिटहरुको मेडल परेड लगायतका कार्यक्रममा भाग लिन सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनाललाई स्वीकृति दिने। |
| ४. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | थाईल्याण्डको बैंककमा आयोजना हुने Asian Children's Summit (ACS) मा सहभागी हुन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिवलाई स्वीकृति दिने । |
| ५. | रक्षा मन्त्रालय | नेपाली सेनाको लागि स्तरोन्नति गरिएको रासन स्केल स्वीकृत गर्ने । |
| ६. | रक्षा मन्त्रालय | प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य र स्थानीय तहको सदस्यको उपनिर्वाचनमा नेपाली सेना परिचालन गर्ने स्वीकृतिका लागि सम्माननीय प्रधानमन्त्रीज्यूमार्फत सम्माननीय राष्ट्रपतिज्यू समक्ष सिफारिश गर्ने । |
| ७. | रक्षा मन्त्रालय | UAE को दुबईमा आयोजना हुने कार्यक्रममा सहभागी हुन माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति दिने। |
| ८. | अर्थ मन्त्रालय | नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटको आधार, सीमा, मार्गदर्शन, विधि र हिस्सा स्वीकृत गर्ने । |
| ९. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | राष्ट्रिय शिक्षा नीति, २०७६ स्वीकृत गर्ने । |
| १०. | देहायका व्यक्तिहरूलाई देहायका प्रदेशको प्रदेश प्रमुखमा नियुक्ति गर्न नेपालको संविधानको धारा ६६ को उपधारा (२) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने ।<br>प्रदेश नं. १: सोमनाथ अधिकारी 'प्यासी', कास्की,<br>प्रदेश नं. २: तिलक परियार, बाँके,<br>प्रदेश नं. ३: विष्णु प्रसाद प्रसाई, झापा,<br>गण्डकी प्रदेश: अमिक शेरचन, चितवन,<br>प्रदेश नं. ५: धर्मनाथ यादव, सिराहा,<br>कर्णाली प्रदेश: गोविन्दप्रसाद कलौनी, वैतडी,<br>सुदुर पश्चिम प्रदेश: सर्मीला कुमारी पन्त, चितवन । | |

द्रष्टब्य: निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन् ।

# सम्बत् २०७६ साल कात्तिक २० गते बुधबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अबुधावीमा आयोजना हुने संयुक्त राष्ट्र संघीय महासन्धिको पक्षराष्ट्रहरुको ८ औं सम्मेलनमा सहभागी हुन सचिव श्री डिल्लीराज घिमिरेलाई स्वीकृति दिने। |
| २. | अर्थ मन्त्रालय | ब्राजिलमा हुने वित्तीय संघीयता विषयक अध्ययन भ्रमण गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सचिवलाई स्वीकृति दिने । |
| ३. | अर्थ मन्त्रालय | प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन मापदण्ड, २०७६ स्वीकृत गर्ने विषयको प्रस्ताव — मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने । |
| ४. | अर्थ मन्त्रालय | युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजनाका लागि विश्व बैंकबाट प्राप्त हुने सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने । |
| ५. | अर्थ मन्त्रालय | राष्ट्रिय बीमा संस्थानको सञ्चालक समितिको अध्यक्षमा गंगाराम कंडेल, बुढानिलकण्ठ-५, काठमाडौंलाई नियुक्ति गर्ने । |
| ६. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | फिजिको नाडीमा आयोजित अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुनुभएका सर्वोच्च अदालतका माननीय न्यायाधीशहरूलाई पकेट खर्च वापतको रकम अर्थ मन्त्रालयले सर्वोच्च अदालतलाई निकासा दिने। |
| ७. | परराष्ट्र मन्त्रालय | रूसी महासंघ र सर्बियाको भ्रमण गर्न माननीय परराष्ट्रमन्त्री नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने। |
| ८. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | मदन भण्डारी फाउण्डेसनलाई कागेश्वरी मनोहरा नगरपालिकास्थित जग्गा लिजमा उपलब्ध गराउन स्वीकृति दिने । |
| ९. | युवा तथा खेलकुद मन्त्रालय | १३ औं दक्षिण एसियाली खेलकुदका लागि राष्ट्रिय खेलकुद परिषद्ले खरिद गर्ने सामाग्रीहरूको कर छुट दिने । |
| १०. | रक्षा मन्त्रालय | चीनको Beijing मा सञ्चालन हुने Workshop मा सहभागी हुन नेपाली सेनाका उपरथी गोकुल भण्डारीलाई स्वीकृति दिने । |
| ११. | रक्षा मन्त्रालय | प्रमुख सेनानी बालकृष्ण कार्की समेत ८ जना प्रमुख सेनानीलाई महासेनानी दर्जामा पदोन्नति गर्ने । |
| १२. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | रुसी महासंघसँग Cultural Exchange Program समझदारीपत्र (MOU) मा रुसी महासंघका लागि नेपालका महामहिम राजदूतले हस्ताक्षर गर्न स्वीकृति प्रदान गर्ने। |
| १३. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | कित्ता नं. र क्षेत्रफलसहित पेश नभएकाको हकमा जग्गाको कित्ता नं. र क्षेत्रफलसहित पेश भई आएपछि निर्णय गर्ने गरी अन्य प्रस्तावित स्थानीय तहलाई जग्गा प्राप्त गर्न स्वीकृत दिने । |
| १४. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री नेतृत्वको वैदेशिक भ्रमण स्वीकृति विषयको प्रस्ताव — प्रस्ताव फिर्ता गर्ने । |

द्रष्टब्य: निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

| | | |
|---|---|---|
| १५. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सुरक्षण मुद्रण सम्बन्धी उपकरणहरू (प्रेस सम्बन्धी मेशिन, औजार, प्रविधि, प्रणाली तथा अन्य आवश्यक सामग्री र भौतिक निर्माण लगायत) सरकार-सरकार (G to G) विधिबाट खरीद गर्न सैद्धान्तिक स्वीकृति दिने । |
| १६. | सहरी विकास मन्त्रालय | ३००० सिट क्षमताको सम्मेलन केन्द्र निर्माण गर्न आवश्यक पर्ने गोदावरी नगरपालिकामा पर्ने नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार, सहरी विकास मन्त्रालयको नाममा स्वामित्व हस्तान्तरण गर्ने। |
| १७. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सेनिटरी प्याड व्यवस्थापन कार्यविधि, २०७६ स्वीकृत गर्ने विषयको प्रस्ताव — मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने । |
| १८. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | केन्यामा आयोजना हुने "Nairobi Summit on ICPD 25" मा माननीय महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति दिने । |

OPMCM

# सम्बत् २०७६ साल कात्तिक २९ गते शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क.स. | मन्त्रालय | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | तथ्याङ्कसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक — मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने । |
| २. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | जबरजस्ती करणी मुद्दाका पीडित परिवर्तित नाम बालाजु (१५) लाई राज्यले अभिभावकत्व ग्रहण गर्दै संविधान प्रदत्त सामाजिक पुनःस्थापना र क्षतिपूर्तिको हकलाई प्रयोग र प्रचलन गर्नका लागि राहत स्वरुप पाँच लाख रुपैंया उपलब्ध गराउने। |
| ३. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | जबरजस्ती करणी मुद्दाका पीडित संकेत नाम ३३-ङ-८८ लाई राज्यले अभिभावकत्व ग्रहण गर्दै संविधान प्रदत्त सामाजिक पुनःस्थापना र क्षतिपूर्तिको हकलाई प्रयोग र प्रचलन गर्नका लागि राहत स्वरुप पाँच लाख रुपैंया उपलब्ध गराउने। |
| ४. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | जबरजस्ती करणी मुद्दाका पीडित परिवर्तित नाम मिचैंया (H) र परिवर्तित नाम भक्तपुर जगाती (F) लाई राज्यले अभिभावकत्व ग्रहण गर्दै संविधान प्रदत्त सामाजिक पुनःस्थापना र क्षतिपूर्तिको हकलाई प्रयोग र प्रचलन गर्नका लागि राहत स्वरुप पाँच/पाँच लाख रुपैयाँ उपलब्ध गराउने। |
| ५. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (कर्मचारी सेवा, शर्त र सुविधा सम्बन्धी) नियमावली, २०७६ र प्रतिष्ठानको संगठन संरचनालाई स्वीकृत गर्ने । |
| ६. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्माननीय प्रधानमन्त्रीज्यूको प्रेस सल्लाहकारमा झिमरुक गाउँपालिका-१, प्युठान (हाल काठमाडौं) का श्री सूर्य बहादुर थापा क्षेत्री र आर्थिक विकास सल्लाहकारमा खिजीदेम्वा गाउँपालिका-२, ओखलढुङ्गा (हाल काठमाडौं) का श्री लालशंकर घिमिरेलाई नियुक्त गर्ने । |
| ७. | अर्थ मन्त्रालय | सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदानसम्बन्धी एकीकृत (दोस्रो संशोधन) कार्यविधि, २०७६ स्वीकृत गर्ने । |
| ८. | अर्थ मन्त्रालय | काठमाण्डौ विश्वविद्यालयलाई Bridgin Foundation बाट प्राप्त हुने अनुदान सहायता स्वीकार गर्न काठमाण्डौ विश्वविद्यालयलाई सैद्धान्तिक सहमति दिने। |
| ९. | अर्थ मन्त्रालय | अन्तर्राष्ट्रिय वित्त निगमलाई Nepalese Rupee (NPR) denominated offshore bond जारी गर्न स्वीकृति दिने। |
| १०. | अर्थ मन्त्रालय | ऋण असुली पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन न्यायाधिकरणको पुनरावेदन सुन्ने अधिकारीको पदमा श्री सत्यराज गुरुङ्ग, आँधिखोला गाउँपालिका वडा नं. १, स्याङ्जालाई नियुक्त गर्ने । |
| ११. | अर्थ मन्त्रालय | जलेश्वर भन्सार कार्यालय अन्तर्गतको सम्सी छोटी भन्सार कार्यालयको लागि आवश्यक पर्ने जग्गा प्राप्त गर्नका लागि स्वीकृति प्रदान गर्ने। |
| १२. | अर्थ मन्त्रालय | नेपाल सरकारबाट सहमति नलिईकन सोझै विकास साझेदारहरुसँग सम्झौता गरिएका विषयहरु र नेपाल सरकारबाट सहमति लिइएका तर प्राप्त सहमति भन्दा फरक ढंगले सम्झौता भएका विषयहरुमा संघीय सरकारको दायित्व नहुने उल्लेख गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत सातै प्रदेशमा र |

| | | |
|---|---|---|
| | | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहहरुमा परिपत्र गर्ने। |
| १३. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | जर्मनीको ह्यानोभरमा हुने मेलामा नेपाली गलैंचाको सहभागिताका लागि रु. ४० लाख अनुदान रकम नेपाल गलैंचा उत्पादक तथा निकासीकर्ता संघलाई उपलब्ध गराउने । |
| १४. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | New York मा आयोजना गरिने Vienna Program of Action को Mid-Term Review मा सहभागी हुन न्यूयोर्कस्थित संयुक्त राष्ट्र संघका लागि नेपालको स्थायी नियोगका प्रमुखलाई स्वीकृति दिने । |
| १५. | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | बुढीगण्डकी जलविद्युत आयोजनाको वातावरण, मुआब्जा वितरण, पुनर्वास तथा पुनर्स्थापना इकाइको कार्यअवधि मिति २०७६/७/११ देखि लागू हुने गरी १ वर्ष थप गर्ने । |
| १६. | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | विभिन्न जलविद्युतसँग सम्बन्धित आयोजना तथा कम्पनीबाट अनुरोध भै आएका १७ वटा आयोजनाहरुको निर्माण, विस्तार, प्रसारण तथा वितरणका लागि प्रारम्भिक कारवाही गर्ने अधिकारी तोक्ने । |
| १७. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | आ.व. २०७६।७७ मा १७, आ.व. २०७७।७८ मा १५ र आ.व. २०७८।७९ मा १५ गरी तीन चरणमा दरबन्दी पूर्ति गर्ने गरी ४७ जना जिल्ला न्यायाधीशको दरबन्दी थप गर्ने । |
| १८. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | दक्षिण कोरियामा हुने कार्यक्रममा सहभागी हुन नेपाल कानून आयोगका अध्यक्ष श्री माधव पौडेल, उपाध्यक्ष श्री भेषराज शर्मा र सचिव श्री चिरञ्जीवी खनाल सहितको ३ (तीन) सदस्यीय टोलीलाई स्वीकृति प्रदान गर्ने । |
| १९. | गृह मन्त्रालय | प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन सम्पन्न गरी फर्किने क्रममा मिति २०७४।८।११ गते दुर्घटनामा मृत्यु भएका रामेछाप जिल्ला शतलिङ्गेश्वर मा.वि.का शिक्षक टंकप्रसाद गौतमका हकदारलाई दुई लाख रुपैयाँ आर्थिक सहायता उपलव्ध गराउने । |
| २०. | गृह मन्त्रालय | दक्षिण कोरियाली नागरिक Mr. Um Hong Gil लाई सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्ने । |
| २१. | गृह मन्त्रालय | बेलायती नागरिक श्री कोलिन फिलिप स्मिथ (पुतली बाजे) लाई सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्ने । |
| २२. | गृह मन्त्रालय | अध्यागमनसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयकलाई सङ्घीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव — मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने |
| २३. | गृह मन्त्रालय | लोचन कुमारी हरलालका, जय प्रकाश अग्रवाल र रंजित कुमार अग्रवालको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी निजहरूलाई नेपाली नागरिकबाट हटाउने । |
| २४. | गृह मन्त्रालय | गैरकानूनी रुपमा लामो समयसम्म नेपालमा वसोबास गरिरहेका पाकिस्तान र सोमालियाका SULTAN MEHMOOD लगायत १० जना विदेशी नागरिकहरुको भिसा तथा विलम्ब शुल्क छुट गरि निर्णय भएको मितिबाट ३० दिन भित्र निस्काशन गर्ने । |

| | | |
|---|---|---|
| २५. | परराष्ट्र मन्त्रालय | संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोग, न्यूयोर्कमा आर्थिक वर्ष २०७६/७७ को लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने । |
| २६. | परराष्ट्र मन्त्रालय | बंगलादेशका महामहिम राष्ट्रपति श्री मोहम्मद अब्दुल हामिदको नेपालको चार दिवसीय औपचारिक सद्भावना भ्रमण सम्बन्धी कार्यक्रम स्वीकृत गर्ने। |
| २७. | परराष्ट्र मन्त्रालय | नेपाल-भारत सीमा निरीक्षण समिति र नेपाल-चीन सीमा निरीक्षण समिति गठन गर्ने । |
| २८. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | विगत आ.व.हरुदेखि सडक विभागबाट ठेक्कापट्टा भई संचालन भएका तर आ.व. २०७५/७६ मा प्रदेश सरकारमा हस्तान्तरण भएका विभिन्न ४ वटा सडकहरु संघीय सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत सडक विभाग मातहत ल्याई संचालन गर्ने । |
| २९. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | कलंकी-थानकोट-नागढुङ्गा सुरुङ्गमार्ग निर्माण आयोजनाको सडकमा सुरुङ्ग मार्गको फ्लाइओभरको लागि आवश्यक पर्ने जग्गा र घरटहरा समेत अधिग्रहण गर्न स्वीकृति प्रदान गर्ने । |
| ३०. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | मित्रराष्ट्र चीनका महामहिम राष्ट्रपतिको नेपाल भ्रमणमा काठमाण्डौको सवारी रुट र अन्य सम्भावित रुटका विभिन्न सडक खण्डहरुको मर्मत/स्तरोन्नती गर्न सडक विभागलाई स्वीकृती प्रदान गर्ने। |
| ३१. | रक्षा मन्त्रालय | नेपाली सेनाका महासेनानी आनन्द सिंह भाटको राजीनामा स्वीकृत गर्ने। |
| ३२. | वन तथा वातावरण मन्त्रालय | बर्दघाट-सर्दी १३२ मे.भी. प्रसारणलाइनको लागि वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने । |
| ३३. | वन तथा वातावरण मन्त्रालय | राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समितिका सदस्य डा. मोतिलाल रिजालले दिनुभएको राजिनामा स्वीकृत गर्ने । |
| ३४. | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | Global Forum on Migration and Development (GFMD) Summit Meeting मा सहभागिता विषयको प्रस्ताव — प्रस्ताव फिर्ता गर्ने । |
| ३५. | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधासम्बन्धी मापदण्ड, २०७६ स्वीकृत गर्ने । |
| ३६. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | दुर्घटना जाँच आयोगको खर्च मापदण्ड स्वीकृत गर्ने विषयको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प्रस्ताव — प्रस्ताव फिर्ता गर्ने । |
| ३७. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | लुम्बिनी विहार क्षेत्रमा रहेका प्रत्येक गुम्वा/विहार लगायतका संस्थामा काम गर्न निश्चित सङ्ख्याका विदेशी नागरिकहरुलाई मन्त्रालयको सिफारिसमा गृह मन्त्रालयले एकपटकमा बढीमा एकवर्षको लागि निशुल्क भिषा जारी गर्न वा भिषाको म्याद थप गर्न स्वीकृति प्रदान गर्ने। |
| ३८. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको लागि अधिग्रहण गर्नुपर्ने जग्गा र घर–टहराहरू अधिग्रहण गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणलाई स्वीकृति प्रदान गर्ने। |

<table>
<tr><td>३९.</td><td>संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय</td><td>नारायणहिटी दरवार संग्रहालय तथा गणगन्त्र स्मारक व्यवस्थापन तथा संचालन विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७६ स्वीकृती प्रदान गर्ने।</td></tr>
<tr><td>४०.</td><td>संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय</td><td>नेपाल भ्रमण वर्ष, २०२० को प्रबर्द्धनका लागि सरकारी एवम् सार्वजनिक निकायले गर्नुपर्ने कार्यजिम्मेवारी सम्बन्धमा निर्देशन दिने ।</td></tr>
<tr><td>४१.</td><td>सञ्चार तथा सूचना प्रविधि मन्त्रालय</td><td>सुरक्षण मुद्रण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने विषयको प्रस्ताव — मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।</td></tr>
<tr><td>४२.</td><td>वन तथा वातावरण मन्त्रालय</td><td>सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ स्वीकृत गर्ने ।</td></tr>
<tr><td>४३.</td><td>ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय</td><td>मैनतडा ४०० केभी सवस्टेशन निर्माणको लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिने । साथै जग्गा प्राप्ती सम्बन्धी नियमावली बनाई पेश गर्न निर्देशन दिने ।</td></tr>
<tr><td>४४.</td><td>ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय</td><td>रानी जमरा कुलरिया सिंचाई आयोजनाको लम्की विस्तार मूलनहरमा परेका ऐलानी जग्गाको मुआब्जा (राहत) रकम उपलब्ध गराउने ।</td></tr>
<tr><td>४५.</td><td>संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय</td><td>नेपाल भ्रमण वर्ष, २०२० कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७६ स्वीकृत गर्ने ।</td></tr>
<tr><td>४६.</td><td>कृषि तथा पशुपन्छी विकास मन्त्रालय</td><td>कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६ लाई स्वीकृति गर्ने ।</td></tr>
<tr><td>४७.</td><td colspan="2">नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतलाई देहायबमोजिम सरुवा गर्ने ।
<table>
<tr><th>क्र.सं.</th><th>नाम, थर</th><th>साविक पद र कार्यालय</th><th>सरुवा भएको पद र कार्यालय</th></tr>
<tr><td>१.</td><td>श्री दीपक सुवेदी</td><td>प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. -२, जनकपुर</td><td>सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ।</td></tr>
<tr><td>२.</td><td>श्री रामकृष्ण सुवेदी</td><td>सचिव, अतिरिक्त समूह</td><td>प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. -२, जनकपुर</td></tr>
</table></td></tr>
<tr><td>४८.</td><td colspan="2">सम्माननीय प्रधानमन्त्रीको जनसम्पर्क सल्लाहकार श्री अच्युतप्रसाद मैनाली र प्रेस सल्लाहकार डा. कुन्दन अर्यालले दिनुभएको राजीनामा स्वीकृत गर्ने ।</td></tr>
<tr><td>४९.</td><td colspan="2">प्रधानमन्त्रीको सल्लाहकार र सचिवालय व्यवस्थापन कार्यविधि, २०७४ (दोस्रो संशोधन) स्वीकृत गर्ने ।</td></tr>
</table>

द्रष्टब्य: निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन् ।